नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-

च.नं.: -

## प्रेस विज्ञप्ति

सम्माननीय प्रधानमन्त्रीज्यूबाट कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि प्राप्त निर्देशनहरुको परिपालना गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय थप क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार मिति २०७८ ज्येष्ठ ४ गतेका दिन देशभरका विभिन्न सिमा नाकाहरुबाट २०६९ नेपाली नागरिकहरुले नेपाल प्रबेश गरेका छन् । अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन आज २१५ स्थानमा अनुगमन भएको छ। कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रुपमा देशभर अघिल्लो दिन सम्म ३८६ अस्पतालहरु रहेकोमा देशभर ४०० कोभिड डेडिकेटेड अस्पतालहरु सञ्चालनमा रहेका छन्। संक्रमितहरुको विशेष उपचारको लागि २५०० एच.डी.यू. वेड, अघिल्लो दिनको तुलनामा ६३ वटा थप भै २,०६२ आई.सी.यू. वेड र ६०० भेन्टिलेटरहरुको प्रबन्ध गरी उपचार भैरहेको छ। विगत २४ घण्टामा २३१ अक्सिजन सिलिण्डर संकलन गरी ३४१ अक्सिजन सिलिण्डर वितरण गरिएको विवरण प्राप्त भएको छ। साथै, विगत २४ घण्टामा ५,६३० सवारी साधनलाई होल्डिङमा राखिएको र ५२१ जना निषेधाज्ञा उल्लङ्घन गर्नेलाई कारवाही गरिएको जनाईएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार गत २४ घन्टामा उपत्यका भित्रका ९ उद्योगबाट ६,६१२ र उपत्यका बाहिरका १९ अक्सिजन उद्योगबाट ९,०९० गरी कूल १५,७०२ सिलिण्डरमा अक्सिजन भरी विभिन्न अस्पतालमा वितरण गरिएको छ। अत्यावश्यक खाद्य पदार्थ एवम् औषधिजन्य सामग्रीहरुको नियमित बजार अनुगमन भैरहेको, तीन स्वास्थ्य सामग्री व्यवसायहरुको अनुगमन गरी गैरव्यावसायिक कार्य गर्ने व्यवसायलाई रु. ८०,०००/- जरिवाना गरिएको जनाईएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को उपचारार्थ प्रयोग हुने ३९,३४,६८६ पिस विभिन्न मेडिकल उपकरणहरु, १६,२५५ एम.टी. क्यू. अक्सिजन तथा औषधिहरु पैठारी भएको छ। कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि दमौली, स्याङ्गजा, वैतडी, डोटी, अर्घाखाँची, तौलिहवा, पाल्पा, बर्दिया, प्युठान, तेह्रथुम अस्पताल एवम् पी चन्द्र अस्पताल, नवलपरासी र प्रादेशिक अस्पताल तुल्सीपुर, दाङ गरी १२ अस्पतालहरुमा अक्सिजन प्लान्ट र पाईपलाइन विस्तारको लागि रु.१६ करोड ८० लाख सम्मको खरीद प्रक्रिया अगाडि बढाउन स्रोतको सहमति प्रदान भएको जनाएको छ। संस्कृति, पर्यटन



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:
च.नं.:

तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घन्टामा अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवा मार्फत ५३ आन्तरिक उडान भरी १०९ यात्रुको उद्धार गरिएको छ। कूल उडान मध्ये मेडिकल उद्धारको उडान संख्या ४० रहेको जनाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार स्पेनबाट सहयोग स्वरूप प्रदान गरिएका स्वास्थ्य सामग्रीहरू (१५ भेन्टिलेटर, १० अक्सिजन कन्सन्ट्रेटर, १,४४,००० एन्टिजेन टेस्टकिट, १,४४,००० एफ.एफ.पी.टु मास्क र ६० सिलिन्डर) २० मे,२०२१ मा नेपाल आइपुग्ने भएको छ । अमेरिकी गैरसरकारी संस्था डाईरेक्ट रिलिफ मार्फत ८४० थान अक्सिजन कन्सन्ट्रेटर समेत १५ लाख डलर बराबरको स्वास्थ्य उपकरण २७ मे,२०२१ मा नेपाल आइपुग्ने भएको छ। अजरबैजान, फ्रान्स, फिनल्यान्ड र जर्मनीले इयुको सिविल प्रोटेक्सन मेकानिज्म अन्तर्गत प्रदान गर्ने सहयोग सम्बन्धमा हालसम्म १४ भेन्टिलेटर, ३० लाख फेसमास्क, ३,५०,००० एफ.एफ.पी.टु. मास्क, ५२,५०० जोर भिनाइल ग्लोभ, ३० हजार आइसोलेसन गाउन र २०,००० टेस्टकिट सहयोगको प्रतिबद्धता प्राप्त भएको जनाएको छ। कोभ्याक्सिनको आधिकारिक आयातकर्ता इमेराल्ड फार्मा ले हैदराबादस्थित भारत वायोटेक इन्टरनेशनल लिमिटेडबाट खोप खरिद प्रक्रिया अघि बढाएकोमा भारत सरकारले खोप निर्यातमा गरेको अस्थायी प्रतिबन्धका कारण समस्या भएकोले सो सम्बन्धमा नयाँ दिल्लीस्थित नेपाली राजदूतावास र भारतीय राजदूतावास काठमाडौं मार्फत पत्राचार गरी कोभिड १९ को रोकथामका लागि खोपको प्रयोगलाई नेपाल सरकारले अति उच्च प्राथमिकतामा राखेको हुँदा भारतबाट हुने कोभिड विरुद्धको खोप निर्यातमा लगाइएको अस्थायी प्रतिबन्ध हटाउन र नेपाल तर्फ हुने उक्त खोप निर्यातमा आवश्यक अनुमति प्रदान गर्न अनुरोध गरिएको परराष्ट्र मन्त्रालयद्वारा जनाईएको छ।

कोभिड-१९ को बढ्दो संक्रमण रोकथाम तथा नियन्त्रणका लागि सचेत र जिम्मेवार बनी जनमानसमा सकारात्मक उर्जाको सञ्चार गर्दै जनस्वास्थ्यका मापदण्डको पूर्ण परिपालना गर्न/गराउन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/०५

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np